# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।११।२०

श्री प्रमुखज्यू,
मनहरी गाउँपालीका,
मकवानपुर ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस मनहरी गाउँपालीकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी -** आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.२ करोड ९ लाख ४० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.६ लाख १८ हजार, प्रमाण पेश गर्नुपर्ने रु.६ लाख १६ हजार र पेश्की रु.१ करोड ९७ लाख ६ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिका व्यहोराहरुका सम्बन्धमा मिति २०७५/९/१० मा जारी गरिको प्रारम्भिक प्रतिबेदन उपर प्रतिक्रिया सहितको प्रमण कागजातका आधारमा फछ्र्यौट भएको दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिबेदन पाना १४ (चौध)यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# मनहरी गाउँपालीका, मकवानपुर
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नेगरी मनहरी गाऊँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यस गाऊँपालिका अर्न्तगत ९ वडा रहेको ४९ सभा सदस्य १९९.२ वर्ग कि.मी. क्षेत्रफल, करिब ३९ हजार जनसंख्या ३ नं.प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| आय शीर्षक | आय रकम रू. | व्यय शीर्षक | खर्च रू. |
|---|---|---|---|
| शुरु मौज्दात | ९०६२०८७३३ | शशर्त अनूदान | ९८६५२८३२।८७ |
| बैकं मौज्दात रु.८१२०६४८।३३ | | बित्तिय समानिकरण | १९७९२१२५१।२३ |
| नगद रु.९४१४३९।०० | | सामाजिक सूरक्षा भत्ता | ४८७८०२६६।०० |
| | | एल.जि.सी.डि.पी | १०६००००।०० |
| आन्तरिक श्रोत | २५९८४७३८।६५ | आन्तरीक आय | १११२१४९३।१० |
| वाह्य श्रोत | | | |
| सहयोग प्राप्त BNMT 380000,bashudev 38000, jilla sa.sa. 70000 | ४९७१३१।९० | विपत व्यबस्थापन कोष जिल्ला प्रशासन | ३२९४९००।०० |
| शशर्त अनुदान | १०२१७५०००।०० | जि.स.स. | ११६७२०।०० |
| बित्तिय समानिकरण | २२८०१२०००।०० | युवा स्वरोजगार कार्यक्रम | १३५०००।०० |
| सामाजिक सूरक्षा भत्ता | ४९२५१०००।०० | १ सहयोग प्राप्त | ४९७१३१।९० |
| एल.जि.सी.डि.पी | १०६००००।०० | ४.लागत सहभागीता | ३९९०४१५।०० |
| लागत सहभागीता | ३९९०४१५।०० | धरौटी फिर्ता | ४७६०००।०० |
| जिल्ला प्रशासन कार्यालय | ३२९४९००।०० | शशर्त अनूदान बांकी फिर्ता | ३५२२६७१३ |
| जि.स.स. | ११६७२०।०० | सामाजिक सूरक्षा रकम फिर्ता | ४७०७३४।०० |
| यूवा स्वरोजगार कार्यक्रम | १३५०००।०० | फिर्ता खर्च आम्दानी बाढी पिडीत राहत | ५८१७००।०० |
| फिर्ता खर्च आम्दानी बाढी पिडीत राहत | ५८१७००।०० | धरौटी खातामा फिर्ता | ३६९०००।०० |
| धरौटी खाता | १५१२२९८।०० | **मौज्दात** | 58222279.65 |
| संचित कोष खातामा दाखिला भएको धरौटी रकम | ३६९०००।०० | नगद मौज्दात रु. ३०१६१३२।०० | |
| | | संचित कोष रु. १२८४९४४९८८ | |
| | | चालु खाता रु. २२३०८४३१।७७ | |
| | | पुजिगत खाता रु. १९०११९६८।०० | |
| | | धरौटी खाता रु. १०३६२९८।०० | |
| | ४२६०४१९९०।८८ | | ४२६०४१९९०।८८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नेगरी मनहरी गाऊँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यस गाऊँपालिका अर्न्तगत ९ वडा रहेको ४९ सभा सदस्य १९९.२ वर्ग कि.मी. क्षेत्रफल, करिब ३९ हजार जनसंख्या ३ नं.प्रदेशमा अवस्थित छ ।<br><br>उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्वपत्र एवं अनुबन्धनपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाइं प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७५।९।६ मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् । | |
| १. | **वित्तीय बिबरणः** प्राप्त एकीकृत आय व्यय बिबरण अनुसार रु.४२,६०,४१,९९०।८८आय व्यय कारोबार भएको देखिन्छ । एकीकृत आर्थिक विवरण तयार गर्दा लेखा नीति खुलासा नगरेको, वित्तीय बिबरणको ढाचा स्वीकृत नभएको, समानीकरण, सर्शत र बिषयगत एवं कन्टिन्जेन्सी र मर्मत संभार कोषतर्फको बेग्लाबेग्लै लेखा स्रेस्ता नराखी चालु र पूजिंगतको मात्र स्रेस्ता राखेको, बजेट सिट नराखेको एवंदैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ नराखेको एवं आम्दानी असूली एबं दाखिला म.ल.प.फा.नं २३ नराखेको लगायतको कारण प्राप्त एकीकृत आय व्यय बिबरणमा उल्लेख भएका आय व्यय रकम भिडान गर्ने प्रमाणित अभिलेख एवं खाता नरहेको कारण एकीकृत आय व्यय बिबरणको यथार्थतामा आश्वस्थता हुनसक्ने अबस्था देखिएन । | |
| २. | **सञ्चित कोषः** स्थानीय सञ्चित कोषको स्थापना भएकोमा सोको बेग्लै आय व्यय बिबरण तयार नगरेको एवं बर्षान्तमा खर्च खातामा बाँकी रकम सञ्चित कोष दाखिला गरेको पाइएन । उल्लिखित स्थितिमा सुधार गर्नुपर्दछ । | |
| ३. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । ऐनमा भएको व्यबस्थाबमोजिम खर्चको अख्तियारी दिने गरेको पाइएन । कानूनी व्यबस्थाअनुसार अख्तियारी दिने व्यबस्था गर्नुपर्दछ । | |
| ४. | **वजेट पेश/पारित गर्ने**ः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ ।गाऊँपालिकाको २०७४।७५ को बजेट २०७४ असार ३० गते पारित भएको देखिन्छ । | |
| ५. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था रहेकोमा यस्तो नियन्त्रण प्रणाली तयार गरेको पाइएन । नियन्त्रण प्रणालीको अभावमा आर्थिक कारोबार सम्पादन र वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउने कार्यमा बाधा परेको देखिन्छ ।पालिकाको आन्तरिक नियन्त्रणमा रहेका कमी कमजोरी निम्नानुसार | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
| --- | --- | --- |
| | रहेका छन्: <br>● कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट नगरेको, <br>● परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण नगरेको, <br>● अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको <br>● योजना कार्यान्वयन तालिका निर्माण गरेको पाइएन, <br>● निर्धारित समयमा निर्माण सम्पन्न हुन नसकेको, <br>● अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको पाइएन, <br>● करको दायरा पहिचान भएको देखिएन, <br>● प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन, <br>● राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन, <br>● अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन, <br>● प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको छैन <br>● बार्षिक खरिद योजना बनाएकोमा कार्यान्वयन भएको पाइएन, <br>● लागत अनुमान तयार गर्दा निर्माण गर्न लाग्ने अबधि नखुलाएको, <br>● भुक्तानी भएको बिल भरपाईमा भुक्तानी भएको छाप लगाएको पाइएन, <br>● भ्रमाण अभिलेख खाता नराखेको एवं प्रमण प्रतिवेदन लिने नगरको <br>● इन्धन खर्चको लगबुक राख्ने गरको देखिएन, <br>● आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएकामा व्यहोराहरुमा सुधार गरेको पाइएन । <br>उल्लेखित व्यहोराहरुमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउनु पर्दछ । | |
| ६. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । यस गाऊँपालिकाले यो बर्ष करिब ४६५ कार्यक्रम स्वीकृत गरी सञ्चालन गरेकोमा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । गाऊँपालिकाको बिकासको लागि कार्यक्रमको प्राथमिकीकरण नगरेको कारण उपलव्ध सिमित स्रोत साधन ससाना कार्यक्रममा खर्च भई नतिजा देखिने गरी उपलव्धि हासिल हुन नसक्ने भएकोले योजना एवं कार्यक्रमको प्राथमिकीकरण गरी उच्च प्राथमिकतामा परेको कार्यक्रम सञ्चालन गर्नु पर्दछ । | |
| ७. | **लक्ष्य प्रगतिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । गाऊँपालिकाले यो बर्ष करिब ४६५ साना ठूला कार्यक्रम सञ्चालन गरेकोमा यसरी सञ्चालित कार्यक्रमको नियममा उल्लेख भएअनुसार अनुसूची-२ को ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन ।अभिलेखको अभावमा लेखापरीक्षणको सिलसिलमा स्वीकृत कार्यक्रम मध्ये सञ्चालन नभएको वा सम्झौता भई कार्य नभएको कारण सून्य प्रगति भएको, आंशिक रुपमा २५, ५० र ७५ प्रतिशत सम्म प्रगति भएका कार्यक्रमको बिबरण माग गरेकोमा उपलव्ध हुन सकेन । प्रगति प्रतिवेदनको अभावमा स्वीकृत कार्यक्रमको समग्र प्रगति स्थिति मूल्यांकन गर्न सकिएन । सञ्चालित कार्यक्रमको तोकिएको ढाँचा प्रगति प्रतिवेदन तयार गरी बार्षिक समिक्षा गर्ने व्यबस्था मिलाउनु पर्दछ । | |
| ७.१. | सर्शत र समानीकरण अनुदान अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रम सञ्चालन गर्न बजेट र कार्यक्रम प्राप्त भएकोमा उक्त कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिको बार्षिक प्रगति बिबरण तयार नगरेको कारण लक्ष्यबमोजिम कार्य भए नभएको बिश्लेषण गर्न सकिएन । तसर्थ ती कार्यक्रमको प्रगति बिबरण पेश गर्नुपर्दछ । | |
| ८. | **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाऊँपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस गाऊँपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ गाऊँपालिकाले थप पहल गर्न जरुरी छ । छलफलको क्रममा पालिकाले प्रोफाइल तयार गरेको जनाएको छ ।

९. **चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयको कुल खर्चको स्थिति बिश्लेषण गर्दा कुल खर्चको देहायबमोजिम ९१.३२ प्रतिशत तेस्रो चौमासिकमा र ३३.४७ प्रतिशत असार महिनामा खर्च भएको पाइन्छ ।

| ब.उ.शी.नं. | कुल खर्च | प्रथम चौमासिक खर्च | दोस्रो चौमासिक खर्च | तेस्रो चौमासिक खर्च | असार महिनाको खर्च |
|---|---|---|---|---|---|
| **चालुतर्फ** | १८८१५७३३८.५७ | ५१५२६१३.०२ | ७८५९०९००.५५ | १०४४१३८२५.०० | ४३३५१०२४.२० |
| **पूजिगततर्फ** | १७४६२६१५१.०० | ५६७९१४९.०० | ९४७५७२७.०० | १५९४७१२७५.०० | ५८४४५६००.०० |
| **कुल खर्च** | **३६२७८३४८९.५७** | **१०८३१७६२.०२** | **८८०६६६२७.५५** | **२६३८८५१००.००** | **१०१७९६६२४.२०** |
| | **खर्च प्रतिशत** | ३.२५ | ५.४३ | ९१.३२ | ३३.४७ |

कार्यालयले खरिद योजना अनुसार कार्य गर्न नसकेको, सम्झौताबमोजिम समयमै कार्य नभएको कारणले तेस्रो चौमासिक र असार महिनामा अत्यधिक खर्च भएको देखिन्छ । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा कामको अनुगमन कार्यमा कठिनाई भई सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर पर्ने स्थिति रहन्छ । तसर्थ स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

१०. **दरबन्दी र पदपूर्ति:**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाऊँपालिकामा २५ र वडा कार्यालयमा प्रति वडा २ जनाको दरले १८ समेत ४३ दरबन्दी स्वीकृत गरेकोमा पदपूर्तिको अबस्था निम्नानुसार रहेको पाइयो ।

१०.१. कुल ४३ दरबन्दी मध्ये ८ पदपूर्ति भएको र पदपूर्ति मध्ये ३ जना गाऊँपालिकाले करारमा नियुक्ती गरेको देखिन्छ ।

१०.२. कार्यालय सहायक र कार्यालय सहयोगीको पद स्वीकृत दरबन्दीमा नरहेकोमा गाऊँपालिकाले क्रमशः १ र ५ जना कर्मचारी करारमा नियुक्ती गरेको देखिन्छ ।

१०.३. स्वास्थ्य, शिक्षा, कृषि र पशुतर्फ संयोजक र सह संयोजक समेत ५ जना कर्मचारी कार्यरत रहेकोमा ती पदहरु स्वीकृत दरबन्दी भित्र परेको देखिएन । यसैगरी आई टी अधिकृत १ समेत कार्यरत रहेको देखिन्छ ।

स्वीकृत दरबन्दी बमोजिमको पदमा मात्र कर्मचारी नियुक्त गरी कार्य सञ्चालन गर्नु पर्दछ ।

११. **स्रोत नक्सांकनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाऊँपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाऊँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।छलफलको क्रममा पालिकाले प्रोफाइल तयार गरेको जनाएको छ ।

१२. **कर्मचारी कल्याण कोष**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्नेमा यस्तो कोषको स्थापना गरको पाइएन । कोषको अभावमा स्थानीय सेवाका कर्मचारी अवकास हुँदा उपदान लगायतका सुबिधा उपलब्ध गराउन रकमको अभाव हुने भएकोले यस्तो कोषको स्थापना गरी प्रत्येक बर्ष आबश्यक रकम जम्मा गर्ने व्यबस्था मिलाउनु पर्दछ ।

१३. **तलवी प्रतिबेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा गाऊँपालिकातर्फका स्थायी कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १४. | **विद्युतीय लेखाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई सबै स्थानीय तहले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्नेमा उक्त सफ्टवेयर प्रयोगमा ल्याएको देखिएन । सफ्टवेयर प्रयोग नभएको कारण आम्दानी र खर्चको सही लेखांकन र प्रस्तुतीकरण सम्बन्धमा सुनिश्चित हुनसक्ने स्थिति देखिएन । तसर्थ अनिवार्य रुपमा उक्त सफ्टवेयर प्रयोगमा ल्याउनु पर्दछ । | |
| १५. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । छलफलको क्रममा पालिकाले यस्तो कार्य हुने गरेको जनाएको भएतापनि सो बर्ष कति पटक यस्ता क्रियाकलाप भए भन्ने सम्बन्धमा उल्लेख गरेको छैन । | |
| १६. | **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । गाऊँपालिकाले यो बर्ष निर्माण कार्यको लागत अनुमानको ३ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी खर्च गर्ने गरेकोमा सोको बेग्लै अभिलेख नराखेको कारण कन्टिन्जेन्सीमा कति रकम प्राप्त भई कति खर्च भएको भन्ने सम्बन्धमा यकिन गर्न सकिएन । नियममा भएको व्यबस्थाबमोजिम कन्टिन्जेन्सी खर्चको व्यबस्था गरी यस्तो खर्चलाई व्यबस्थित गर्न कन्टिन्जेन्सी खर्चको कार्यबिधि बनाउने, यसबाट हुने खर्चको बार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने एवं खर्चको बेग्लै स्रेस्ता राख्ने व्यबस्था मिलाउनु पर्दछ । | |
| १७. | **उपभोक्ता समिति दर्ता नभएको:** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त  हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| १८. | **उपभोक्ता समिति मार्फत कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यबिधि उल्लेख छ । नियमावलीमा भएको व्यबस्थाको पालना सम्बन्धमा निम्नानुसार देखिएको छ: | |
| १८.१. | नियमावलीको नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भएबमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन । | |
| १८.२. | नियमावलीको नियम ९७(१२) मा उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सम्पन्न आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन । | |
| १८.३. | उपभोक्ता संगको खरिद सम्झौतामा सवै कामहरु इन्जिनियरिगं नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा कुनै पनि उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाईए। साथै काम भएको प्रमाणित गर्ने तस्विर समेत संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिताको कमी देखिन्छ । | |
| १८.४. | नियमावलीको नियम ९७(९) बमोजिम उपभोक्ता समितिबाट सञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभि मेसिनहरु प्रयोग गर्न नसकिने उल्लेख भएकोमा उपभोक्ता | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | समितिले गरेको सडक निर्माण कार्यमा हेभि मेसिनको प्रयोग भएको देखिन्छ । कानूनमा भएको व्यबस्था बमोजिम उपभोक्ता समितिबाट कार्य गराउनु पर्ने देखिन्छ । | |
| १८.५. | उपभोक्ता समितिबाट गरेको कार्यमा कुनै त्रुटी आई सच्याउन परेमा वा बढी भुक्तानी भई असुल गर्नुपर्ने अबस्थामा कार्यालयले आबश्यक सुधार गर्न लगाउने कुनै आधार नभएको कारण त्रुटी सच्याउने अवधिसम्मको लागि भुक्तानी रकममा धरौटी कट्टा गर्ने व्यबस्था मिलाउन उपयुक्त हुने देखिन्छ । | |
| | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर लगायतका मेशीन प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| १९. | **डोर हाजिरः** तोकीएको फारम प्रयागे गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । उपभोक्ता समितिलेडोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा हाजिर राख्नेको नाम लगायतको विवरण समेत खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन ऐकिन हुनसक्ने अवस्था नदेखिंदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार नदेखिएकोले फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ । | |
| २०. | **निर्माण कार्यको लगतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यबस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको सिंचाइ एवं खानेपानी योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । गाँउपालिकाले गतविगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यबस्थापन गर्नुपर्ने देखियो । | |
| २१. | **उपभोक्ता समितिको न्युन योगदानः** गाउँपालिकाको निर्णय अनुसार ट्वाङग्राखोला तटबन्ध उपभोक्ता समितिसँग भएको सम्भौता अनुसार उक्त कार्यकोलागत रु. ८३४५७०.४५ मध्ये ४० प्रतिशत उपभोक्ता समितिबाट र ६० प्रतिशत गाउँपालिका श्रोतबाट व्यहोर्ने निर्णय भएको पाइयो । उक्त कामका लागि उपभोक्ता समितिले रु.३३३८२८.१८ योगदान गर्नुपर्नेमा नेपाल बैंक लिमिटेड, हटौडा शाखामा रहेको गाउँपालिकाको खातमा रु.३२८०००.०० मात्र दाखिला गरको पाइएकोले नपुग रकम समितिबाट असुल हुनुपर्ने रु... | ५,८२८/- |
| २२. | **कर कट्टी एवं दाखिलाः** आयकर ऐन, २०५८ बमोजिम बिभिन्न भुक्तानी तोकिएको दरमा कर कट्टी गरी दाखिला गर्नुपर्नेमा नगरेको स्थिति निम्नानुसार रहेको देखिन्छ । | |
| २२.१. | गोभौनं.४०४।२०७५।३।३२ बाट वडा नं.१ देखि ७ लाई प्रति वडा रु.७९,०००।०० देखि रु.१,४६,०००।०० तेस्रो चौमासिक खर्च उपलब्ध गराएकोमा उक्त खर्चबाट भएको करयोग्य भुक्तानीमा कर कट्टा नगरेकोले वडा नं.१ देखि ६ सम्म प्रति वडा रु.१०,८००।०० र वडा नं.७ को रु.९,४५०।०० कर असुल गर्नुपर्ने रु. | ९४५०/- |
| | साथै उक्त सुबिधा प्रदान गर्ने ऐन २०७५ बैशाख २० गते पारित भएकोमा करिब १ बर्ष अघी देखिकै सुबिधा दिने व्यबस्था गरकोले सोही बमोजिम सम्पूर्ण रकम भुक्तानी भएको देखिन्छ । | |
| २३. | **प्रमाण नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्नेमा देहायको भुक्तानीमा बिल भरपाई संलग्न नरहेकोले बिल भरपाई बिनाको खर्च असुल गर्नुपर्ने रु. | ३,२१,७८७/४० |

| गोभौनं./मिति | बिबरण | रकम |
|---|---|---|
| ४४६/२०७५/३/३२ | बिभिन्न ४ विद्यालकाय १५ बिद्यार्थीलाई छात्रबृत्ति बितरण गर्न बिद्यालयलको खातामा रकम पठाएकोमा उक्त रकम सम्बन्धित बिद्यार्थीले बुझेको प्रमाण संलग्न नभएको | ९३७५०.०० |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>४५१/२०७५/३/३२</td><td>बिभिन्न बिद्यालयका बिद्यार्थीलाई बितरण गर्न २०० थान ड्रेस खरिद गरी रु.२,२२,५६४।०० खर्च गरेकोमा ८० ले मात्र उक्त ड्रेस बुझेको देखिएकोले १२० जनाले बुझेको भरपाई नभएको रु.</td><td>१३३५३८.४०</td></tr>
<tr><td>२८२/२०७५/२/२७</td><td>अर्गानिक ट्रेड सेन्टरलाई सिलपाउलिन प्लास्टिक २० थान खरिद भुक्तानी गरेकोमा बितरणको भरपाई नभएको रु.</td><td>९४४९९.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>३२१७८७.४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४.</td><td>परिचय पत्र बितरण: अपाङ्गता भएका ५६ जना व्यक्तिलाई परिचय पत्र बितरण गर्न आयोजित कार्यक्रममा भत्ता खाजा खाना लगायतमा रु.८५,३५५।०० खर्च गरेको उचित नदेखिएकोले यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५.</td><td>बढी निकासा: शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ। यस सम्बन्धमा निम्नानुसार देखिएको छ:</td><td></td></tr>
<tr><td>२५.१.</td><td>महेन्द्रज्योती माबि हाडिखोलालाई प्रथम चौमासिक निकासा गर्दा बिद्यालयबाट आधारभूत तहका ८ शिक्षकको लागि रु.१२,५७,३६७४० माग भएकोमा रु.१२,६४,५५८।४० निकासा गरेकोले मागभन्दा बढी निकासा गरेको रकम असुल गर्नुपर्ने रु.</td><td>७,१८२/-</td></tr>
<tr><td>२५.२.</td><td>महेन्द्र किरण मा.बि.लाई पोशाक खर्च निकासा गर्दा उक्त बिद्यालयमा २१ जना शिक्षक रहेको आधारमा रु.१,५७,५००।०० मात्र निकासा गर्नुपर्नेमा रु.१,९५,०००।०० निकासा गरेको कारण बढी निकासा हुन गएको रकम असुल गर्नुपर्ने रु.</td><td>३७,५००/-</td></tr>
<tr><td>२५.३.</td><td>यसैगरी महेन्द्र किरण मा.बि.का मा.बि.शिक्षक रामु दराई २०७५।१।४ देखि अनिवार्य अबकास हुनुभएकोमा निजको नाममा तेस्रो चौमासिकको सम्पूर्ण तलब निकासा गरेकोले बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु.</td><td>१,२७,२००/-</td></tr>
<tr><td>२५.४.</td><td>गोभौनं.३३७२०७५।३।२५ बाट बिभन्न ५ बिद्यालयलाई ती बिद्यालयमा उच्च शिक्षा हासिल गर्ने बिद्यार्थीलाई प्रदान गर्नेगरी प्रदान गरको रकम सम्बन्धी बिद्यार्थीले प्राप्त गरको भरपाई प्राप्त नगरकोले उदेश्य अनुरुप उक्त रकम सम्बन्धित बिद्यार्थीहरुले प्राप्त गरको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>४,५१,०००/-</td></tr>
<tr><td>२६.</td><td>सामाजिक सुरक्षा भत्ता वितरण: सामाजिक सुरक्षा अनुदान बितरणमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>२६.१.</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७२ को दफा १० मा सुबिधा उपभोग गर्न ईच्छुक र योग्य नागरिकले अनिबार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यवस्था रहको छ । यसैगरि परिचयपत्र प्राप्तिका लागी अनुसुचीहरुमा तोकिएको ढाँचामा फारमहरु गाऊँपालीकाले निशुल्क उपलब्ध गराउने ,साबिकमा परिचयपत्र लिएका व्यक्तिहरुको नवीकरण गर्नुपर्ने, परिचयपत्र बितरण नगरी भत्ता बितरण गर्न नहुने जस्ता बिषयहरु उल्लेख गरिएको छ । भत्ता बितरण भरपाई परीक्षण गर्दा कुनैपनि लाभग्राहीको परिचयपत्र उल्लेख गरिएको पाईएन । यसरी परिचयपत्र जारी नगरि भत्ता बितरण गर्दा बितरण कार्यमा अनियमितता हुने, लक्षित बर्गसमक्ष रकम नपुग्ने र अभिलेख तथा सुचना प्रबाह प्रणाली ब्यबस्थापन कमजोर हुने साथै लक्षीत बर्गले भत्ता प्राप्त गरे नगरेको यकिन गर्न नसकिने भएकोले कार्यालयले शीघ्र परिचयपत्र बितरण गरी आर्थिक अनुसाशन कायम गराउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२६.२.</td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाउँपालीका र नगरपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न गाउँपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार जिल्लाका गाउँपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नविकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>२६.३.</td><td>नेपाल सरकारले आ.ब.२०७१।७२ को बजेट बक्तब्य मार्फत लागु भएको राज्यका ७० वर्ष पुगेका सबै ज्येष्ठ नागरिकहरुलाई औषधी उपचार खर्चको रुपमा रकम उपलब्ध गराउने निर्णय गरेकोमा गाँउपालीकाले आ.व. २०७४।७५ मा औषधि उपचार बापतको रकम वितरण गर्दा उमेर पुगेका प्रत्येक गाँउपालीका तथा नगरपालिकाको सबै ज्येष्ठ नागरिकहरुको छुट्टै लगत खडा गरी राखेको</td><td></td></tr>
</table>

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | पाइएन । यसले स्पष्ट लक्षित समुहको वर्गीकरण गरी ७० वर्ष उमेर समूहका सबै नागरिकलाई जेष्ठ नागरिकमा अद्यावधिक गरी लगत खडा गर्नुपर्ने देखिन्छ । | |
| २६.४. | सामाजिक सुरक्षा सञ्चालन कार्यविधि,२०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था गरे अनुसार गाँउपालिकाले ग्रामिण इलाकामा बैकिङ्ग सुबिधा नभएकोले वडा सचिवले नगद बितरण गर्ने गरेको छ । अन्य स्थानीय निकायले वडा जनप्रतिनिधिको रोहवरमा बितरण गर्ने गरेता पनि गाँउपालिकाले घरदैलामा नै भक्ता वितरण गर्दा नियन्त्रण तथा सन्तलनको अवस्था नरहेबाट सामाजिक सुरक्षामा भएको वार्षिक खर्च आश्वस्त हुने आधार देखिएन । हाल गाँउपालिकामा बैङ्क समेत स्थापना भएको देखिएकोले नियमानुसार बैकिङ्ग प्रणली मार्फत भत्ता वितरण गर्नुपर्दछ । | |
| २७. | **जिन्सी व्यबस्थापनः** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी प्राप्त भएका जिन्सी सामानहरु आम्दानी बाधिए नबाधिएको, प्रयोगको अवस्था गतवर्षको उयपोग र यस वर्षको परिमाण समेत मूल्याङ्कन गरी प्रतिबेदन तयार गर्नुपर्ने र प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यबस्था छ । खरिद भएको खप्ने सामानहरु दाखिला गर्दा फारमले निर्दिष्ट गरेका मूल्य, स्पेशिफिकेशन, प्राप्तिका स्रोत लगायत विवरण उल्लेख गरी दाखिला व्यवस्थित गरेको छैन । सामान खरिद गर्नुपर्दा स्पेशिफिकेशन तयार गर्ने नगरेको देखिएकोले जिन्सी व्यवस्थापन कमजोर देखिएको छ । गाँऊपालिका कार्यालय स्थापनाको शुरुवात चरणमा रहेकोले शुरु देखि नै जिन्सी व्यवस्थित गर्नेतर्फ ध्यान पुर्‍याई नियमाबलीको पालनामा ध्यान दिनुपर्दछ । | |
| २८. | **बढी मुअकर भुक्तानीः** गोभौनं.३१३।२०७५।२।३० बाट वडा नं.१ को कार्यलय भवन रंगरोगन गर्ने कार्य वापत वडा सचिव ऋषिराम के.सी.लाई मुअकर रु.११,००६।०० समेत रु.९५,६६८।०० भुक्तानी गरेको फाँटवारी साथ संलग्न बिल भरपाईबमोजिम रु.४,१९६।०० मात्र मुअकर लाग्ने बस्तु खरिद गरेको देखिएकोले मुअकर बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ६,८१०/- |
| २९. | **अत्याधिक बैठक भत्ताः** नेपाल सरकार अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाबाट प्रकाशित कार्यसंचालन निर्देशिका २०७३ को परिच्छेद् ७ खर्चको मापदण्ड सम्बन्धि निर्णय तथा कार्यबिधिको बुदा नं.७.१.१ बमोजिम बैठक भत्ताको मापदण्ड तोकेको छ । उक्त व्यवस्था बमोजिम बैठक भत्ता भुक्तानी लिनको लागि स्पष्ट बिषयबस्तु र कार्य योजना हुनु पर्ने, बैठक कार्यालय समय बाहिर बस्नुपर्ने, एउटै निकाय र अन्तरगतका पदाधिकारी र कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नहुने, कानुन अनुसार गठन भएको समितिले मात्र बैठक भत्ता पाउने र आमन्त्रीतलाई बैठक भत्ता दिन नमिल्ने, बिशेषज्ञ सेवा लिनुपर्ने भएमा मात्र ३ जना आमन्त्रीतलाई बैठक भत्ता दिन मिल्ने व्यवस्था छ । उदाहरणको लागि स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन, २०७५ मा पदाधिकारीहरुलाई बैंठक भत्ता प्रदान गर्न मिल्ने प्रावधान नदेखिएकोले गोभौनं.४०१।२०७५।३।२५ बाट बिभिन्न १५ बैठक बसे वापत पदाधिकारी एवं कर्मचारीहरुलाई रु.४,२८,०००।०० प्रदान गरेको बैठक भत्ता प्रदान गरेको देखिन्छ ।यसैगरी खरिद समितिको बैठक बसे वापत ११ जना कर्मचारीलाई अधिकतम ४४ देखि न्यूनतम ८ ओटा बैठकको प्रति बैठक रु.१०००।०० का दरले बैठक भत्ता भुक्तानी गरेको देखियो । एकै कार्यलायका कर्मचारीहरु बिभिन्न प्रयोजना बैठक बसी भत्ता लिन मिल्ने कुनै व्यबस्था नभएकोमा रु.२,५१,०००।०० भत्ता प्रदान गरेको देखिन्छ । यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ । | |
| ३०. | **अतिरिक्त सुबिधाः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनु पर्ने व्यवस्था छ । गाउँपालिकाले कर्मचारीहरु बिहान बेलुका तथा रात्रीको समयमासमेत खटिई काम गरेको भनि मासिक खाइपाई आएको तलवमा मासिक ३० प्रतिशत थप प्रोत्साहन भत्ता समेत भुक्तानी गरेको छ भने करारमा नियुक्त भएका प्राबिधिक कर्मचारीहरुलाई फिल्ड भत्ता समेत भुक्तानी दिएको छ । बर्षभरीमा यस्तो खर्च रु.१४,०९,९६४/१० भएको देखिन्छ । | |
| ३१. | **गाडी भाडाः** पालिकाले कार्यालय प्रयोजनको इन्धन बाहेक मासिक रु.१ लाखमा सवारी साधन भाडा लिई खर्च गरेको देखिन्छ । गाडी भाडामा लिदा प्रतिस्पर्धा नगराएको कारण मितव्ययी रुपमा खर्च | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

गरेको मान्नसक्ने अवस्था देखिएन । साथै गाडी भाडा मुअकर दर्ता भएको पार्टीबाट लिएकोमा कर बिजक जारी गरेको समेत देखिएन ।

३२. **लागत अनुमान र मूल्यांकनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० बमोजिम लागत अनुमान तयार गर्नुपर्ने र नियमावलीको नियम १२३ (१) (ख) बमोजिम बिल बिजकको भुक्तानी गर्दा कामको बिस्तृत प्राबिधिक नापजँच गरी नापी किताबमा उल्लेख भएको वास्तबिक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । गाउपालिकाले कामको बिस्तृत परिमाण नखुलाई आइटम वाइज एकमुष्ट (lumpsum) क्वान्टिटी र सोको दर उल्लेख गरी लागत अनुमान तयार गर्ने गरेको पाइयो । सोही आधारमा उपभोक्ता समितिसँग सम्झौता गरी लागत अनुमानकै एकमुष्ट (lumpsum) परिमाण बराबर नै कामको मुल्यांकन गरी परिमाणमा कुनै फरक नपर्ने गरी गरी भुक्तानी दिने र कार्य सम्पन्न गर्ने गरेको छ । यसबाट लागत अनुमान यथार्थपरक नहुने र कार्य सम्पन्न पश्चात कामको वास्तबिक नापजाँच गरेको भनी बिश्वस्त हुने आधार देखिएन । लागत अनुमान अनुरुप काम भएतापनि नापजाँच गर्दा फरक पर्न सक्ने अवस्था रहने हुदा वास्तबिक नापजाँच गरी भुक्तानी दिने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । यसका केही उदाहरणहरु निम्नानुसार छन् ।

| योजनाको नाम | लागत अुमान (रु.) | खुद भएको काम (रु.) |
|---|---|---|
| लामिटार हाडिखोला सिद्धकाली सडक | ६०१४३७.०० | ६०१४३७.०० |
| ज्यामिरे सिचाइ योजना | ६२५४४४.०० | ६२५४४४.०० |
| डिपाड राप्ती तटबन्ध | ९६२०७८.०० | ९६२०७८.०० |
| तटबन्ध तथा तारजाली उपभोक्ता समुह | ५८४३५४.०० | ५८४३५४.०० |
| सुनाचुरी जोगिताल जल उपभोक्ता समुह | ९११७६०.०० | ९११७६०.०० |
| पालदमार भिमान सहित सडक उ.समिति | २०२१६८८.०० | २०२१६८८.०० |
| मनुना कृषक बहुमखी सहकारी संस्था | ५८५७७१.३८ | ५८५७७१.३८ |
| रजैया वाइपास सडक उपभोक्ता समिति | १६६७१५०.०० | १६६७१५०.०० |

३३. **सामाजिक सुरक्षा करः** जुनसुकै पारिश्रमिक भुक्तानी गर्दा भुक्तानी रकमको १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्नेमा देहायबमोजिम ज्यामि ज्यालाको भरपाई पेश गरी कार्य मूल्यांकन भएकोमा उक्त ज्यालामा सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु. ६०,३४४/२२

| गोभौनं.।मिति | योजनाको नाम | ज्यामी ज्याला | सामाजिक सुरक्षा कर |
|---|---|---|---|
| २/२०७४/६/८ | लामिटार हाडिखोला सिद्धकाली सडक | ४२७५५०.०० | ४२७५.५० |
| ४/२०७४/६/८ | ज्यामिरे सिचाँई योजना | ५०२६८२.०० | ५०२६.८२ |
| ६/२०७४/६/८ | च्यापलटाँडी मुल्यान सडक | ८०२५०.०० | ८०२.५० |
| २२/२०७४/६/८ | डिपाड तटबन्ध योजना | १६७९९०.०० | १६७९.९० |
| ३४/२०७४/१०/२१ | तटबन्ध तथा तारजाली उपभोक्त समिति | ६४१३७०.०० | ६४१३.७० |
| ३०/२०७४/१०/२२ | दमार तटबन्ध बस्ती बचाउ उपभोक्ता समिति | ४१८७३०.०० | ४१८७.३० |
| ५७/२०७४/१०/२३ | सुनाचरी गोगिताल जल उपभोक्ता समिति | ५१८०२०.०० | ५१८०.२० |
| ८२/२०७४/१२/१८ | रत्नलिंग गुम्बानिर्माण उपभोक्ता समिति | ३१९३५०.०० | ३१९३.५० |
| ८४/२०७४/१२/१९ | मनहरी रुपाचुरी ग्राभेल सडक | २४३८४५.०० | २४३८.४५ |
| ९५/२०७४/१२/२९ | पालदमार भिमान सहिद सडक | ७५६९९०.०० | ७५६९.९० |
| २६७/२०७४/२/२७ | ट्वाग्रोला तटबन्ध उपभोक्ता समिति | ४९८९००.०० | ४९८९.०० |
| ५०९/२०७५/३/३२ | नमुना कृषक बहुमुखी सहकारी संस्था | २४८९००.०० | २४८९.०० |
| ४७२/२०७५/३/२५ | रजैया वाइपास निर्माण | १२०९८४५.०० | १२०९८.४५ |
| | **जम्मा** | | **६०३४४.२२** |

३४. **मेसिन भाडामा विविधताः** कार्यालयलेउपभोक्ता समिति मार्फत जिल्लाभित्र निर्माण कार्य गरोउदा भित्र प्रयोग हुने डोजरको भाडामा एकरुपता हुनुपर्ने देखिन्छ । गाँउपालिकाले डोजरको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस र जिल्ला दररेटलाई आधार लिई तयार गरेतापनि उपभोक्ताले सोही काम गर्दा प्रतिघण्टा न्युनतम १७७०।- देखि ५०००।- सम्म डोजर भाडा तिर्नेगरी सम्झौता गरेको देखियो । गाउँपालीकाले डोजर भाडामा एकरुपता ल्याउन आबश्यक निर्णय गरि उपभोक्ताले मनोमानि भाडा सम्झौता गरि काम गरेको देखाई बिल पेश गर्ने परिपाटिमा नियन्त्रण गर्नुपर्दछ । फरक फरक दरमा सम्झौता गरी काम गराएका केही उदाहरणहरु,

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| भौ.नं. मिति | योजनाको नाम | उपकरण भाडा | फर्मको नाम |
|---|---|---|---|
| २२/२०७४/७/२३ | छकटी गोगनपानी मकरी उपभोक्ता समिति | १७७० प्रतिघण्टा | लट्टीनाथ निर्माण कम्पनी |
| ११/२०७४/६/८ | डिपाट राप्ती तटबन्ध उपभोक्ता समिति | २००० प्रतिघण्टा | शिबदुर्गा सप्लायर्स |
| २४/२०७४/७/२७ | रमौली १० मीटर बाटो निर्माण उपभोक्ता समिति | ४२०० प्रतिघण्टा | प्रेम कमल सप्लायर्स |
| ४५/२०७४/११/११ | पूर्बीखोला हाडिखोला तटबन्ध उपभोक्ता समिति | ५०००प्रतिघण्टा | रितिका सप्लायर्स |

३५. **आम्दानी खर्च सार्वजनिक**: श्रोत परिचालन तथा व्यवस्थापन कार्यबिधि २०५९ दफा ५० (५) अनुसार उपभोक्ता समितिबाट सम्पन्न गरिएका बिकास निर्माणको वास्तबिक आम्दानी खर्चको विवरण तोकिएको अनुसुची बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत सम्पन्न गरेका अधिकांस योजनाको आम्दानी खर्च तोकिए कमोजिमको ढाँचामा सबै विवरण खुल्ने सार्वजनिक गरेको पाइएन । यसबाट आयोजनाको वास्तबिक आम्दानी खर्च समितिका सदस्य तथा सरोकारवाला लाई नहुदा मितव्ययीता, पारदर्शिता कायम हनु नसक्ने हुदा कार्यबिधिको पुर्ण पालना हुनु पर्दछ । जस्का केही उदाहरणहरु यसप्रकार छन् ।

| उपभोक्ता समितिको नाम | लागत अनुमान (रु.) | खर्च (रु.) |
|---|---|---|
| पन्चकन्या सामुदायीक बन उपभोक्ता समुह | १२२११४.०० | १२२११४.०० |
| डिपाड राप्तीखोला तटबन्ध योजना | ९६२०७८.०० | ९६२०७८.०० |
| रमौली १० मीटर बाटो उपभोक्ता समिति | ५४००००.०० | ५४००००.०० |
| मानेडाँडा रमौली बाटो स्तरोन्नती | १०९१७८७.०० | ११०९८८२.०० |
| कालीखोला सडक योजना | ५९३२५५.०० | ५९९४८९.०० |

३६. **सहकारी संस्थालाई सहयोगः** गाऊँपालिकाले सार्वजनिक हितको लागि खर्च गर्नुपर्नेमा नाफाको लागि खोलिएको वित्तीय संस्था, नमुना कृषक बहुमुखी सहकारी संस्थाको भवन निर्माण र व्यबस्थापन खर्च वापत गोभौनं.५०९।२०७५।३।३२ बाट रु.५८८७१७.९७ अनुदान प्रदान गरेको पाइयो । यस प्रकारको संस्थालाई अनुदान प्रदान गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

३७. **बढी दरले भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ बिलको भुक्तानी गर्दा वास्तबिक रुपमा सम्पन्न भएको काम र तोकिएको दरका आधारमा नापी किताव प्रमाणित गरी सोही अनुसार भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कमला श्रेष्ठटोल हुदै झोलुंगेपुल जाने स्ल्याब ढलान निर्माणको नापजाँच गरी भुक्तानी गर्दा लागत अनुमानमा भएको दर भन्दा बढी दरले भुक्तानी गरेको पाइएकोले सो कार्यको नापजाँच, सिफरिस तथा भुक्तानीमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाउदै सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्ने रकम रु.... १९,२३८/-

| भौचर नं. र मिति | विवरण | परिमाण | दर | | | रकम (रु.) |
|---|---|---|---|---|---|---|
| | | | लागत अनुमानको दर | भुक्तानीको दर | बढी दर | |
| ७२/२०७४/११/२९ | ग्राभेलको काम | ४२.७५ | ७००.०० | ७५०.०० | ५०.०० | २१३८.०० |
| | पि.सी.सी. काम | ५७.०० | ८६००.०० | ८९००.०० | ३००.०० | १७१००.०० |
| | **जम्मा** | | | | | **१९२३८.००** |

३८. **प्राबिधिक पुष्ट्याई बेगर भुक्तानीः** सार्बजनिक खरिद ऐन २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ अनुसार पूर्वानुमान गर्न नसकिने कामको लागि प्राबिधिक पुष्ट्याई सहित भेरिएसन स्वीकृत गरी सोही बमोजिम नापजाँच गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले खरंगा जिम्दारटोल सडकको लागत अनुमानमा पि.सी.सी.कामको शुरु परिमाण ४६.२ घ.मीटर निर्धारण गरिएकोमा कामको बिस्तृत नापजाँच तथा उचित प्राबिधिक पुष्ट्याइ बिना कामको लम्वाई एकमुष्ट रुपमा परिमाण बढाई ५६.४ उक्त कामको रु.८९००.०० का दरले रु. ५०१९६०.०० भुक्तानी दिएको पाइयो । लागत अनुमान तयार गर्दा निश्चित गरिएको पि.सी.सी.को काम उचित प्राबिधिक पुष्ट्याई बिना कामको परिमाण बढाई भुक्तानीका गरेको सम्बन्धमा प्राविधिक पुष्ट्याई पेश गर्नुपर्ने रु. ९०,७८०/-

३९. **समितिको न्युन योगदानः** गाउँपालिकाको निर्णय अनुसार ट्वाङग्राखोला तटबन्ध उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार उक्त कार्यको लागत रु. ८३४५७०.४५ मध्ये ४० प्रतिशत उपभोक्ता समितिबाट र ६० प्रतिशत गाउँपालिका श्रोतबाट व्यहोर्ने निर्णय भएको पाइयो । उक्त कामका लागि उपभोक्ता समितिले रु.३३३८२८.१८ योगदान गर्नुपर्नेमा नेपाल बैंक लिमिटेड, हटौडा शाखामा रहेको ५,८२८/-

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | गाउँपालिकाको खातमा रु.३२८०००.०० मात्र दाखिला गरको पाइएकोले नपुग रकम समितिबाट असुल हुनुपर्ने रु... | |
| ४०. | **क्षतिपुर्ति असुल :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ (क) मा परामर्शदाताले सम्झौता बमोजिम तोकिएको म्यादमा सम्पन्न गर्न नसकेमा निजबाट सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । साथै खरिद सम्झौताको दफा नं. १२ मा contract should be governed by law of Nepalभनि उल्लेख गरिएको छ । कार्यालयले न्यु प्लानेट इन्जिनियरिङ्ग सर्भिस प्रा.ली.सँग २०७४/११/७ भित्र डि.पि.आर. सम्पन्न गर्ने गरी २०७५/१०/८ गते रु.१४,६३,८२३.७३ ( मु.अ.कर बाहेक) को परामर्श सम्झौता भएकोमा उक्त फर्मले २०७४/११/३० मा प्रतिबेदन पेश गरेको पाइयो । अतः सम्झौतामा तोकिएको म्याद भन्दा २३ दिन ढिलोगरी प्रतिबेदन पेश भएकोले नियमावलीको व्यवस्था बमोजिम प्रतिदिन ०.०५ प्रतिशतका दरले हुन आउने क्षतिपुर्ति असुल हुनुपर्ने रु... | १६,८३४/- |
| ४१. | **जिन्सी व्यबस्थापन:** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी प्राप्त भएका जिन्सी सामानहरु आम्दानी बाधिए नबाधिएको, प्रयोगको अवस्था गतवर्षको उयपोग र यस वर्षको परिमाण समेत मूल्याङ्कन गरी प्रतिबेदन तयार गर्नुपर्ने र प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । खरिद भएको खप्ने सामानहरु दाखिला गर्दा फारमले निर्दिष्ट गरेका मूल्य, स्पेशिफिकेशन, प्राप्तिका स्रोत लगायत विवरण उल्लेख गरी दाखिला व्यवस्थित गरेको छैन । सामान खरिद गर्नुपर्दा स्पेशिफिकेशन तयार गर्ने नगरेको देखिएकोले जिन्सी व्यवस्थापन कमजोर देखिएको छ । गाँऊपालिका कार्यालय स्थापनाको शुरुवात चरणमा रहेकोले शुरु देखि नै जिन्सी व्यवस्थित गर्नेतर्फ ध्यान पुऱ्याई नियमाबलीको पालनामा ध्यान दिनुपर्दछ । | |
| ४२. | **भण्डारको व्यबस्था नभएको:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) बमोजिम खरिद गरी प्राप्त सामानको मूल्य खुलाई जिन्सी खातामा आम्दानी जनाउनु पर्ने व्यबस्थाबमोजिम खरिद सामानको जिन्सी दाखिला भएकोमा लेखापरीक्षणको सिलसिलामा देहायका निर्माण सामग्रीको मौज्दात परीक्षण गर्न खोज्दा यसरी खरिद भएका निर्माण सामग्री भण्डारण गर्ने स्थानको नभएको कारण बिक्रेताकै गोदाममा रहेको व्यहोरा जानकारी हुन आएको छ । | |

| बिबरण | परिमाण | रकम |
|---|---|---|
| ग्याबिन जाली | ४६९ थान | १४९५५७५.०० |
| ग्याबिन जाली | ५३ जान | १६०२६५.६४ |
| २० एम.एम. १० के.जी.पाईप | ६५० मीटर | जिन्सी खातामा रकम नखुलाएको |
| २५ एम.एम. १० के.जी.पाईप | १७०० मीटर | जिन्सी खातामा रकम नखुलाएको |
| ३२ एम.एम. ६ के.जी.पाईप | १००० मीटर | जिन्सी खातामा रकम नखुलाएको |
| जस्तापाता | ३३ बण्डल | जिन्सी खातामा रकम नखुलाएको |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४३. | **पेश्की जोखिममा रहेको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ (३) मा निर्माण व्यवसायीलाई सम्झौतामा व्यवस्था भए बमोजिम पेश्की दिन सकिने र उक्त पेश्की रकम खाम्ने अवधी सहितको वाणिज्य बैङ्कबाट जारी बैङ्क जमानत पेश गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले सभाहल निर्माणका (ठे.नं.१/२०७४/७५) लागि मेरिना कन्टक्सनसँग २०७५।१।२३ मा १ बर्ष भित्र समपन्न गर्ने गरी रु.१०२३६२८२.८४ को खरिद सम्झौता गरेकोमा निम्नानुसार अग्रिम पेश्की जमानीको म्याद समाप्त भएकोले म्याद थप गरेको बैंक जमानत प्राप्त गर्नुपर्ने देखिन्छ । | |

| भौ.नं./मिति | बैंकको नाम | जमानी नम्बर | जमानी रकम ( रु.) | पेश्की रकम (रु.) | जमानी अवधी |
|---|---|---|---|---|---|
| १८८/२०७४/१/२४ | नेपाल बंगलादेश बैंक, हेटौडा | १७४६/१८ | ९०००००.०० | ९०००००.०० | २६/१०/२०१८ |
| ४३३/२०७५/३/२१ | नेपाल बंगलादेश बैंक, हेटौडा | १९०७/१८ | ९०००००.०० | ९०००००.०० | २७/११/२०१८ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ४४. | **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम समयमै पेश्की फछ्र्यौट गर्नुपर्नेमा देहायबमोजिमको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने रु. | १,९६,२०,८५०/- |

| क्र.सं. | कार्यक्रम | पेश्कीको प्रकार | पेश्की पाउनेको पद र नाम | पेश्की रकम |
|---|---|---|---|---|
| १. | पूजिंगत | मोबिलाइजेशन | गुण एस.आर.ज्वाला जय भैरब जेभी | २९४०००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २. | पूजिंगत | मोबिलाइजेशन | जय भैरब एस.आर.ज्वाला गुण जेभी | ७४९५००.०० |
| ३. | पूजिंगत | मोबिलाइजेशन | मेरिना कन्स्ट्रक्सन | १८०००००.०० |
| ४. | चालु | वडा सञ्चालन | वडा सचिव ऋषिराम केसी | १५००.०० |
| ५. | चालु | वडा सञ्चालन | वडा सचिव नविल पौडेल | २८५०.०० |
| ६. | चालु | वडा सञ्चालन | वडा सचिव ज्ञानेन्द्र ढकाल | १४००.०० |
| ७. | चालु | सामाजिक सुरक्षा | वडा सचिव नविल पौडेल | ९२०००.०० |
| ८. | चालु | सामाजिक सुरक्षा | एन आई सी एशिया | ३६५७२००.०० |
| ९. | चालु | सामाजिक सुरक्षा | सिटिजन्स बैंक | ३२३३६००.०० |
| १० | चालु | सामाजिक सुरक्षा | सेन्चुरी बैंक | ३२९००००.०० |
| ११ | चालु | सामाजिक सुरक्षा | मुक्तिनाथ बिकास बैंक | ६४९८८००.०० |
| | **जम्मा** | | | **१९६२०८५०.००** |

४५. **आन्तरिक आयः** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६ अनुसार खर्च/आम्दानी पुष्टि हुने गरी प्रमाण राख्नुपर्ने व्यवस्था रहेको छ । गाँउपालिकाले यो बर्ष रु.२,४१,१३,३८५।६५ आन्तरिक आम्दानी गरेको देखाएको छ । आय आर्जन गर्ने कार्यालयले अनिवार्य रुपमा प्रयोगमा ल्याउनुपर्ने रसिद नियन्त्रण खाता, वडाहरुले प्रयोग गरेका रसिदको आम्दानी र खर्चको स्थिति लेखापरीक्षणमा उपलव्ध नभएको, राजस्व असुली को दैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ नराखेको एवं आम्दानी असूली एबं दाखिला म.ल.प.फा.नं २३ नराखेको र राजश्वको गोश्वरा भौचर समेत नउठाएकोको कारण आन्तरिक स्रोतको आम्दानीको यकिन हुन सक्ने स्थिति देखिएन । तसर्थ कार्यालयले उल्लिखित स्थितिमा सुधार गरी आयतर्फको स्रेस्ता र अभिलेख व्यबस्थित गर्नु पर्दछ ।

४६. **बिकास निर्माण शुल्कः** गाउँपालिकाको पारित गरेको आर्थिक ऐन, २०७४।७५ को दफा ११ मा गाँउपालिका भित्रका क्रसर उद्योगबाट तोकिएको दरमा बिकास निर्माण सहयोग शुल्क लिइने उल्लेख भएको र कार्यालयले पेश गरेको बिबरणअनुसार उक्त शीर्षकमा यो बर्ष रु.१,९३,२९,८७०।०० प्राप्त भएको उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

४६.१. उक्त कार्यको लागि कार्यालयले र.नं.१ देखि ७०००० सम्म ५० पाने १,४०० प्याड रसिद छपाई गरी सर्म्पूण रसिद दैनिक रु.५००।०० प्रदान गर्नेगरी नियुक्त गरेको कर्मचारी सरोज मुक्तानलाई बुझाएको र निजले उक्त रसिद गाँपालिका क्षेत्र भित्रका क्रसर उद्योगहरुलाई उपलव्ध गराउने र क्रसर उद्योग उक्त रसिदबाट संकलन गरेको शुल्क र अर्धकट्टी रसिद प्राप्त गरी कार्यालयमा बुझाउने गरेको देखिन्छ ।

४७. **रकम ढिला दाखिलाः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ो व्यवस्था छ । गाँउपालिका अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्वन्धित पक्षको ध्यान जानु पर्दछ ।

४८. **वित्तीय जवाफदेहिता मूल्यांकनः** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा ***अनुसूची १*** मा उल्लेख छ । सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तर"बी" रहेको देखिन्छ । यसमा सुधार गर्दै जानुपर्दछ ।

सम्परीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन्:

४९. साबिक हाडीखोला गाबिसले देहायका व्यक्ति वा संस्थालाई प्रदान गरेको पेश्की फछ्र्यौट हुन बाँकी देखिएको रु. — ८५,०००/-

| गोभौनं./मिति | बिबरण | रकम |
|---|---|---|
| ६/२०७३/५/२७ | कृष्ण प्रसाद पौडेल | १००००.०० |
| ८/२०७३/६/१९ | हाडीखोला हेल्थ्य पोस्ट (कृष्ण कुमार यादव) | ५००००.०० |
| ९/२०७३/६/१९ | सामुदायिक मेलमिलप केन्द्र | २५०००.०० |
| | **जम्मा** | **८५०००.००** |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं., मिति र व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td>४९.१.</td><td>साविक हाडीखोला गाबिसले बर्ष भरीमा कट्टा गरेको देहायबमोजिमको रकम दाखिला नभएकोले सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>खापत</th><th>बिबरण</th><th>रकम</th></tr>
<tr><td>पुजिगत</td><td>अग्रीम कर</td><td>१२९२२.००</td></tr>
<tr><td>चालु</td><td>क.सं.कोष</td><td>२४२०७.००</td></tr>
<tr><td></td><td>सा.सु.कर</td><td>२१३२.००</td></tr>
<tr><td></td><td>पारिश्रमिक कर</td><td>८४००.००</td></tr>
<tr><td></td><td>अग्रीम कर</td><td>१३५५.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४९०१६.००</td></tr>
</table></td><td>४९,०१६/-</td></tr>
<tr><td>४९.२.</td><td>यसैगरी साबिक मनहरी गाबिसले पूजिगत खातातर्फ बर्ष भरीमा कट्टा गरेको बाहाल कर रु.५,५५०।००, पारिश्रमिक कर रु.२,५८८।०० र अग्रीम कर रु.८,४७०।०० एवं चालु खातातर्फ कट्टा गरेको अग्रीम कर रु.८,४७५।००दाखिला नभएकोले सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.</td><td>२५,०८३/-</td></tr>
<tr><td>५०.</td><td>बेरुजु: गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. १५ लाख ८७ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ६ लाख १६ हजार र पेश्की बाँकी रु १ करोड ९७ लाख ०६ हजार समेत रु.२ करोड १९ लाख ०९ हजार बेरुजू कायम भएकोमा प्रतिक्रिया प्राप्त भई रु. ९ लाख ६९ हजार बेरुजू समायोजन भई बाँकी रु. २ करोड ०९ लाख ४० हजार कायम भएको छ ।</td><td></td></tr>
<tr><td>५१.</td><td>अनुगमन लेखापरीक्षण र सम्परीक्षणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छः (रु. हजारमा)
<table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>४५२२२</td><td>४४९८७</td><td>२३५</td></tr>
</table></td><td></td></tr>
<tr><td>५२.</td><td>अद्यावधिक बेरुजु स्थितिः यस गाऊँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : (रु. हजारमा)
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>यो बर्षको जम्मा बेरुजु (रु.) (D+E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>२३५</td><td>१५९</td><td>२०७८१</td><td>२०९४०</td><td>२११७५</td></tr>
</table></td><td></td></tr>
</table>

**अनुसूची- १**

# मनहरी गाउँपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| कउ | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | मवानपुर | मनहरी | ५१ | ३३ | २१९०९ | १ | ३ | ९६९ | ५० | ३० | २०९४० | ६१८ | ० | ६१६ | ० | ० | ६१६ | १०८ | १९५९८ | १९७०६ |

**अनुसूची- २**

# स्थानीय तह सञ्चित कोष विवरण

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १. | मनहरी | मवानपुर | ९०६२ | २२८०१२ | १०२१७५ | ८६७९३ | ४१६९८० | १५३१८९ | १९३१३५ | २१४९६ | ३६७८२० | ५८२२२ |